# भूमि सम्बन्धी समस्या समाधान आयोग

## अव्यवस्थित बसोबसिले पेश गर्नु पर्ने निबेदन भर्ने/भराउने तरिका :

| सी. न. | विषय | उत्तर /के गर्ने | कैफियत |
|---|---|---|---|
| १ | दर्ता (कोड) नं. | दर्ता कोड नं. निवेदकले भर्ने हैन । यो वडामा निवेदन दर्ता भएपछि भर्ने नम्बर हो । वडामा भूमिहिन दलित र भूमिहीन सुकुम्वासीको लागि एउटा र अव्यवस्थित बसोवासीको लागि अर्को रजिष्टर वा संख्या कम भएमा एउटै रजिष्टरमा आधा आधा गरी दर्ता रजिष्टर राख्नु पर्ने हुन्छ। निवेदन फाराम वडा अध्यक्षले प्रमाणीत गरिसकेपछि दर्ता गरी क्रमश अव्यवस्थितबसोबसिको लागि ०००१ बाट क्रमश दर्ता नम्बर लेखिदैं गईन्छ । यि हरेक दर्ता नम्बरको अगाडि ABसंकेत, वाड नं र दर्ता नं लेख्नु पर्छ ।जस्तै AB/०१/०००१ गरी दर्ता गर्दै जाने | लगतसंकलकले आफूले भरेकानिवेदन वडा कार्यालयमा बुझाए पछि वडाअध्यक्षले फाराम प्रमाणित गरेपछि वडाले तोकेको कर्मचारीले निवेदन दर्ता गर्ने र दर्ता (कोड) नं. चढाउने |
| २ | मिति ...................... | लगत संकलकले लगत संकलन गरेको वा निवेदकले निवेदन भरेको मिति | लगत संकलक वा निवेदकले विवरण भरेको दिन लेख्ने |
| ३ | फोटो | परिवारमूली र निजको पति/पत्नी को हालसालै खिचेकोस्पष्ट पहिचान हुने पासपोर्ट साइज को फोटो लिने, फोटोको पछाडी निवेदन फाराम नं. लेख्ने अनि फोटो टास्ने । | लगत संकलक वा निवेदकले निबेदन भर्ने समयमा |
| ४ | श्री गाउँ/नगरकार्यपालिकाको कार्यालय .................गाउँपालिका/नगरपालिका /उप-महानगरपालिका /महानगरपालिका .................. | गाउँ वा नगर के हो, सोहिमा ठिक चिन्ह लगाउने, पालिकाको नाम लेख्ने, अनि पालिकाको ठेगाना लेख्ने | निबेदन भर्ने समयमा |
| १.१ | परिवारमूलीको नाम | परिवारले मूली मानेको नागरिकता प्राप्त व्यक्ति, अनुपस्थित ब्याक्तिलाई नमानिने, महिला वा पुरुष दुवै हुन सक्ने | |
| १.२ | नागरिकता प्र.प. नं./जिल्ला /जारी मिति | परिवारमूलिको नागरिकता अनुसार भर्ने | सबै भर्ने, फोटोकपी लिन नबिर्सने |
| १.३ | बाबुको नामथर | परिवारमूलीको बाबुको नाम थर | नागरिकताबाट पनि थाहा हुने |

| | | | |
|---|---|---|---|
| १.४ | आमाको नाम थर | परिवारमूलीको आमाको नाम थर | |
| १.५ | पति/पत्नीको नाम थर | परिवार मूली पुरुष भएपत्नीको नाम थर, परिवार मूली महिला भए पतिको नाम थर | |
| १.६ | पति/पत्निको ना.प्र.प. नं./जिल्ला/ जारी मिति | १.५ मा नाम हुनेको ना.प्र.प.नं./जिल्ला/जारी मिति लेख्ने | |
| १.७ | बाजे/ससुराको नाम, थर | परिवारमूली पुरुष भए हजुरबुवाको नाम, महिला भए ससुराको(श्रीमान का बाबुको नाम ) | |
| १.८ | मतदाता नं./ ठेगाना (पति पत्नि) | परिवारमूलीको मतदाता नं, परिवार मूलीको नभए पति/पत्नीको पनि राख्न सकिने | |
| १.९ | जन्मस्थान(प्रदेश/ जिल्ला) | परिवारमूली कोजन्म भएको प्रदेश / जिल्ला | |
| १.१० | साविक गा.वि.स./न.पा./ वडा | हालको ठेगाना भन्दा फरक भएपरिवारमूली कुन ठाउँबाट आएको सो ठाउँ को साबिकको गाबिस वा नपा र वडा | |
| १.११ | स्थायी/हालको ठेगाना (प्रदेश/जिल्ला) | परिवारमूलीको स्थाई ठेगाना जुनहालकोपनि हो | |
| १.१२ | गा.पा./न.पा./वडा/टोल | परिवारमूलीको हालको/स्थाई ठेगाना | |
| १.१३ | राष्ट्रिय परिचय पत्र नं | परिवारमूलीले राष्ट्रिय परिचय पत्र प्राप्त गरे, नगरे,-----------------लेख्दिने | परिचय पत्र नभए लेख्नु नपर्ने |
| १.१४ | सम्पर्क नं | परिवारमूलीको मोबाइल नं, वा फोन नं | |
| २.१ | नाम, थर | परिवारमूलीले भने अनुसार परिवारका सम्पूर्ण सदस्यको नाम थर, | |
| २.२ | लिङ्ग | पुरुष भए १, महिला भए २ अनि अन्य भए ३ लेख्ने | |
| २.३ | पूरा उमेर | परिवार मूलीले भने अनुसार पुरा भएको उमेर लेख्ने, कसैकोनागरिकता बाट पनि थाहा हुने | |
| २.४ | नागरिकता प्र.प. नं./जिल्ला/ जारी मिति | नागरिकता प्राप्त प्रत्येक सदस्यको लेख्ने, नहुनेकोहकमानभएको लेख्ने<br>परिवारमूली र परिवारमूलीको पती वा पत्नीको नागरिकता नम्बर, माथि नै लेखिई सकेकोले पुन लेख्नु नपर्ने | |
| २.५ | पेशा | १. कृषि कार्य २ .अस्थायी रोजगारी ३. ज्याला मजदुरी ४. वैदेशिक रोजगारी ५ .व्यापार व्यवसाय ६.विधार्थी ७.बेरोजगार ८.नाबालक ९. अन्य | परिवारको मुख्य पेशा वा व्यवसायमा चिन्ह लगाउने वासाईडको कोठामा सम्बन्धित संकेत नम्बर १......लेख्ने<br>अन्य खुलाउने पर्ने |
| २.६ | परिवारमूलीको नाता | पत्नी/पति, छोरा, बुहारी, छोरीआदि | |

| | | | |
|---|---|---|---|
| ३.१ | कित्ता कोड | घर घरमा गई फाराम भर्दा दर्ता(कोड) नं. थाहा भइ नसकेको हुदा अन्तमा सो कोलमको दाँयातर्फ हुने गरि १, २, ३, ४........ मात्र लेख्ने, वडा कार्यालयमा दर्ता भएपछी मात्र दर्ता(कोड) थाहा हुने भएकोले पछि थप्ने । एक भन्दा वढी स्थानमा भए फरक फरक हरफमा लेख्ने । | |
| ३.२ | वडा नं | आवाद कमोत गरेको जग्गा रहेको वडा नं । एक भन्दा वढी स्थानमा भए फरक फरक हरफमा लेख्ने । | |
| ३.३ | टोल/गाउँ | आवाद कमोत गरेको जग्गा रहेको टोल/गाउँको नाम | |
| ३.४ | अनुमानित क्षेत्रफल | जग्गा भएको स्थानमा जग् मापनको कुन एकाई चल्तीमा छ, सोहीमा चिनो लगाउने । उक्त कित्ताको जग्गा वसोवासको हो भने वसोवासको कोलम र कृषिको हो भने कृषिको कोलममा भर्ने। क्षेत्रफल लेख्दा रोपनी-आना-दाम-पैसा वा विघा-कट्ठा-धुर क्रमश लेख्ने । | |
| ३.५ | उपभोगको प्रमाण | दिएका विकल्प मध्ये भएका प्रमाणहरु को संकेत नं तत् जग्गाको कोठामा नम्बर लेख्ने । यस्ता प्रमाणहरुको संकेत नं एक भन्दा बढि हुन सक्ने । | |
| ४ | अव्यवस्थितबसोबासीकोअन्य बिवरण | | |
| १ | अव्यवस्थितबसोबासीको आर्थिक अवस्था | | |
| **क.** | **<u>आर्थिक स्थिति :</u>** निजको परिवारको नाममा कायम कूल सम्पत्तिको मूल्य (परिवारको सदस्यको नाममा अन्यत्र रहेको नम्बरी जग्गाको सम्बन्धित स्थानीय तहले निर्धारण गरेको सम्पत्ति कर प्रयोजनको लागि गरेको मूल्यांकनलाई आधार लिइने र चल सम्पत्तिको हकमा निज वा निजको परिवारको नाममा रहेको गाडी, स्कूटर, सुन, चाँदी, बैंक ब्यालेन्स तथा नगद समेतको | सम्पत्ति कर प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले निर्धारण गरेको मूल्य भए सोही र नभए जग्गाको हकमा मालपोत रजिष्टेशन प्रयोजनको लागि तोकिएको मुल्यलाई हिसाव गरी राख्ने । चल सम्पत्तीको हकमा निज वा निजको परिवारको नाममा रहेको गाडी, स्कूटर, सुन, चाँदी, बैंक ब्यालेन्स तथा नगद समेतको आधारमा निजले स्वघोषणा गरे बमोजिम लेख्ने । | |

| | | | |
|---|---|---|---|
| | आधारमा निजले स्वःघोषण गरे बमोजिम) | | |
| **ख.** | **जीवन निर्वाहको आधार**(परिवारका मुख्य सदस्य वा अन्य सदस्यहरुले गरेको पेशा व्यवसायसमेतको आधारमा | दिएका विकल्प मध्ये भएका प्रमाणहरुमा चिन्ह लगाउने वा दाँयातर्फको कोठामा नम्बर लेख्ने । यसको उत्तर एक भन्दा बढि हुन सक्ने । | |
| **ग.** | **जीवनयापनको स्तर :**(निज वा निजको परिवारले उपयोग गरेको आवास, घरायसी उपभोगका सामानहरु, प्रयोग गर्ने उपकरणहरु, सवारी साधन, छोरा छोरीले अध्ययन गर्ने स्कूल तथा कलेज लगायतका आधारमा) | दिएका विकल्प मध्ये भएका प्रमाणहरुमा चिन्ह लगाउने वा दाँयातर्फको कोठामा नम्बर लेख्ने । निवेदकले भनेको आधारमा। उत्तर बिस्वसनिय नलागेमा पुन प्रश्न गर्ने | |
| २ | **बसोबास र आवाद कमोतको स्थितिः** निजवा निजको परिवारले जग्गामा बसोबास वाआवाद कमोत गरेको आधारमा) | निवेदक र उसको परिवारका सदस्यहरुले स्थायी बसोबास वा आवाद कमोत गरेको भए १, अस्थायी वा मौसमी आवाद कमोत गरेको भए २ र अन्य व्यक्ति मार्फत आवाद कमोत गरेकोमा ३ लेख्ने | यो विषयको उत्तर निवेदकले एक भन्दा बढि कित्तामा वसोवास वा जोतकमोत गर्दै आएको अवस्थामा फरक फरक हुने भएकाले सम्बन्धित कोठाको दायाँतर्फ ४ वटा हरफ राखिएको छ । तेस्रो कोलममा क्रमश कित्ता कोड र चौथो कोलममा सही संकेत नंम्वर लेख्ने । |
| ३ | **जग्गा प्रकृति :** (निज वा निजको परिवारले भोगचलन गरेको जग्गाको प्रकृतिको आधारमा) | दिएका विकल्प मध्ये भएका प्रमाणहरुमा चिन्ह लगाउने वा दाँयातर्फको कोठामा नम्बर लेख्ने । निवेदकले भनेको आधारमा | |
| ४ | **भोगचलन गरेको जग्गाको क्षेत्रफल** (निज वा निजको परिवारले भोगचलन गरेको जग्गा मध्ये उपलब्ध गराउने जग्गाको किसिम र क्षेत्रफलको आधारमा) | आवास र कृषिको छुट्टाछुट्टै लेख्ने । क्षेत्रफल लेख्दा वर्गमिटरमा लेख्ने । नापनक्शा नभएको भए निवेदन फाराम भर्ने समयमा उल्लेख गर्नु नपर्ने | |
| ५ | **आवाद कमोत र बसोबासको प्रकारको मूल्याकन :**(जग्गामा निज वा निजको परिवारको हालको बसोबास र आवाद कमोतको स्थलगत वस्तुस्थितिको आधारमा) | खेतीपाती र वसोवास एकै ठाउँमा भए १, घरवास मात्र भए २, कृषि मात्र भए ३, व्यापार व्यवसायमा उपयोग गरेको भए ४ र बाँझो रहेको भए ५ उल्लेख गर्ने । यसको पनि कित्ता अनुसार फरक उत्तर हुन सक्ने भएकाले | |

| | | | |
|---|---|---|---|
| | | तेस्रो कोलममा कित्ता कोड र चौथोमा उत्तर अनुसारको नम्बर लेख्ने । | |
| ६ | **<u>जग्गा आवाद कमोत अवधि</u>** (निज वा निजको परिवारले जग्गामा बसोबास वा आवाद कमोत गरेको स्थानीय सिफारिस आधारमा) | यसको पनि कित्ता अनुसार फरक उत्तर हुन सक्ने भएकाले तेस्रो कोलममा कित्ता कोड र चौथोमा उत्तर अनुसारको नम्बर लेख्ने । | |
| ७ | अन्यत्र रहेको ..........कित्ता जग्गाको क्षेत्रफल (वर्ग मिटरमा), | बसोबासीको अन्यत्र रहेको दर्तावाला जग्गा रहेकस्थानको ठेगाना, कित्ता संख्या र क्षेत्रफल लेख्ने रजग्गाधनी पुर्जाको प्रतिलिपि राख्ने, घर/ घडेरी र पाखो खेत फरक फरक लेख्ने । | |
| ८ | **<u>बाटोको पहुँच</u>**ः( निज वा निजको परिवारले आवाद कमोत गरेको जग्गामा बाटो भएको वा नभएको र बाटो भएकाको हकमा तयार भएको नापी नक्सामा जमिन अनुसार कायम बाटोको प्रकृतिको आधारमा) | =1बाटो नभएको=२ ,गोरेटो बाटो=३, कच्चीमोटर बाटो ,४= ग्राबेलमोटर बाटो=५ ,पक्की सडक ६) मि .सम्म ,(६=पक्की सडक६) मि. देखि ८, मि. सम्म ,(७= पक्की सडक ८) मि. भन्दाबढी=८ ,( राजमार्ग | दिएका विकल्प मध्ये भएका प्रमाणहरुको संकेत नम्वर दाँयातर्फको कोठामा लेख्ने । । यसको पनि कित्ता अनुसार फरक फरक संकेत नम्वर हुन सक्ने भएकाले तेस्रो कोलममा कित्ता कोड र चौथोमा उत्तर अनुसारको नम्बर लेख्ने । |
| ९ | **<u>जग्गा रहेको स्थानः</u>** निज वा निजको परिवारले आवाद कमोत गरेको जग्गाको अवस्थितिको आधारमा (कार्यपलिकाले तोकिसकेको अवस्थामा तथ्यांक संकलकले भर्न सक्ने अन्यथा कार्यपालिकाको निर्णय अनुसार वडाको निवेदन रुजु गर्ने कर्मचारीले भर्ने) | =1गाउँपालिकाको ग्रामीण) क्षेत्र ,(२= गाउँपालिकाको ,(शहरोन्मुख क्षेत्र) ३= गाउँपालिकाको ,(शहरीक्षेत्र) ४=गाउँपालिकाको केन्द्र=५, नगरपालिकाकोग्रामीण) क्षेत्र,(६=नगरपालिकाको ,(शहरोन्मुख क्षेत्र) ७=नगरपालिकाको (शहरीक्षेत्र) =८काठमाडौंउपत्यका के हो निवेदकले भर्ने, स्पष्ट नभएकोमा भर्नु नपर्ने | |
| ५ | माग गरेको जग्गाको जग्गाको प्रयोग | आवास, कृषि र दुवै मध्ये निवेदकले भने अनुसारको प्रयोजनको संकेत नंम्वर लेख्ने । | |